नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ५९

मितिः २०८२/०४/२९

नेपाल संवत् ११४५

विषयः विवरण माग गरिएको सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।
श्री नगरपालिका (सबै)।

प्रस्तुत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प.सं. २०८२/०८३, च.नं. १४, मिति २०८२/०४/२९ को पत्र मार्फत मानव बेचबिखन तथा ओसार पसार नियन्त्रणको क्षेत्रमा उत्कृष्ट कार्य सम्पादन गरेका गाउँ/नगरपालिकाको विवरण माग गरिएको पत्रको छाँयाप्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

**नोटः** माग भए बमोजिमको विवरण भाद्र ७ (सात) गते भित्र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको इमेल ठेगाना ncciht.nepal@gmail.com मा उपलब्ध गराइदिनुहुन।

..................
(प्रकाश पन्थी)
शाखा अधिकृत

**बोधार्थः**

श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,
मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौं।
श्री सूचना प्रविधि शाखाः Website मा Upload तथा इमेलमार्फत जानकारी गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा)

फोन नं: ०१-४२००२१६
फ्याक्स: ०१-४२००११६

प.सः ०८२/८३
च.नं.:- मा.वे.नि./१४

मितिः २०८२।०४।२९
नेपाल संवत:११४५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषयः स्थानीय तहमा पत्राचार गरिदिने सम्बन्धमा ।

आगामी भदौ २० गतेका दिन मानव बेचबिखन तथा ओसारपसार विरुद्धको १९औं राष्ट्रिय दिवस, २०८२ मनाउने सम्बन्धमा गठित मूल समारोह समितिको मिति २०८२।०४।२६ को बैठकबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा उत्कृष्ट कार्य सम्पादन गरेका कुनै एक स्थानीय तहलाई उक्त दिवसको अवसरमा तपसिलमा उल्लेखित सूचकका आधारमा सम्मान गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ । सो सम्बन्धमा स्थानीय तहहरुले मानव बेचबिखन नियन्त्रणको क्षेत्रमा सम्पादन गरेका कार्यहरुको विवरण सहित सम्मानका लागि भाद्र ७ गते भित्र यस मन्त्रालयको इमेल ठेगाना nccht.nepal@gmail.comमा आवेदन दिने व्यवस्था हुन सबै स्थानीय तहहरुलाई पत्राचार गरिदिनुहुन आदेशानुसार अनुरोध छ

(विश्वमाया न्यौपाने)
महिला विकास अधिकृत

तपसिलः

स्थानीय तहलाई सम्मानका लागि छनौट गर्ने सूचकहरुः

- नीति तथा कार्यक्रम र बजेटमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको विषय संबोधन भएको,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समित (LCCHT) को गठन भई क्रियाशील रहेको,
- गत आ.व. मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति (LCCHT) को बैठक बसेको संख्या,
- मानव बेचबिखन तथा ओसारपसार पीडित/प्रभावितहरुका लागि सञ्चलित पुनर्स्थापना केन्द्रसँग समन्वय, सहजीकरण र सहकार्य भएको,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति (DCCHT) सँग समन्वय र सहकार्य भएको।